कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन, रुपन्देही
Kanchan, Rupandehi

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०८०/०८१
चलानी नं./Dispatch No.:- —

## चमेनागृह सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धमा

*(दोस्रो पटक प्रकाशित सूचना: २०८०/०४/२१)*

यस कञ्चन गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय परिसरमा कर्मचारी, सेवाग्राही तथा गाउँपालिकामा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुका लागि खाना/खाजा उपलब्ध गराउन चमेनागृह सञ्चालन गर्न आवश्यक परेकाले देहाय बमोजिमको शर्तको अधिनमा रहि के कति दररेटमा उपलब्ध गराउन सकिन्छ सोको दररेट सहितको विवरण इच्छुक फर्म/ कम्पनी/ संस्था/ व्यावसायीले प्यान/भ्याट दर्ता, व्यवसाय दर्ता प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्र सहित मिति २०८०/०४/२४ गते कार्यालय समयभित्र शिलबन्दी प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

- चमेनागृह गाउँपालिकाभित्र रहेको, गाउँकार्यपालिकाको कार्यालयको मातहतमा रहेको क्यान्टिन भवनमा आफ्नो व्यवसाय संचालन गर्नुपर्नेछ।
- चमेनागृह सञ्चालन गरेबापत गाउँकार्यपालिकाको कार्यालयलाई मासिक रु. ५,०००/- (अक्षरुपी रु पाँच हजार मात्र) भाडा तिर्नुपर्नेछ।
- चमेनागृहमा धुम्रपान, मद्यपान पुर्णरुपमा बेचविखन, प्रयोग गर्न पाइने छैन।
- सफा, ताजा र गुणस्तरिय खाना, खाजा तथा पेय पदार्थ (मदिराजन्य उत्पादन बाहेक) बेचविखन गर्नुपर्ने छ।
- चमेनागृहमा प्रयोग हुने फर्निचर, पानी, बिजुली तथा फोहरमैला व्यवस्थापन स्वयं सञ्चालकले व्यवस्थापन गर्नुपर्नेछ।
- प्रस्तावपत्रमा कबोल गरेको खाना, खाजा तथा पेय पदार्थको मुल्य भन्दा बढी मुल्य लिन पाइने छैन। खाना, खाजा तथा पेय पदार्थको मुल्यसुची सबैले देख्ने गरी सूचना पाटीमा राख्नुपर्नेछ।
- मुल्यवृद्धि अनुसार आ.व.२०८०/८१ को अन्त्य पछि नयाँ आर्थिक वर्षको सुरुमा आपसी सहमतिमा भाडादर खाना, खाजा तथा पेय पदार्थको मुल्य समायोजन गर्न सकिने छ।
- प्रस्तावपत्रमा कबोलमुल्य अंक र अक्षरमा प्रष्ट बुझिने गरी भरि पेश गर्नुपर्नेछ।
- चमेनागृहमा रहेका आफ्ना सामानको सुरक्षा आफै गर्नुपर्नेछ।
- चमेनागृह हप्ताको सातदिन विहान ६ बजेदेखि बेलुका ७ बजेसम्म खुल्ला राख्नुपर्नेछ।
- प्रस्तावपत्रमा उल्लेख भएका सबै खानाका परिकारहरु अर्डर बमोजिम अनिवार्य रुपमा तयार गर्नुपर्नेछ।
- प्रस्तावदाताले प्रस्ताव सम्बन्धी कागजात तपसिल उल्लेखित कार्यालयको खातामा जम्मा गरेको रु.१००० को सक्कलै भौचर पेश गरि खरिद गर्न सक्नेछन।

  बैंकको नाम: एन.आई.सि एसिया बैंक, कञ्चन-०३, हरैया, रुपन्देही।

  खाताको नाम: कञ्चन गाउँपालिका सञ्चित कोष खाता

  खाता नं: B0CA50362524006
- प्रस्तावदाताले प्रस्ताव पेश गर्दा विड सेक्युरेटी बापतको रकम रु. १५०००/- अनिवार्य रुपमा तपसिल उल्लेखित कार्यालयको खातामा जम्मा गरि सो को सक्कलै भौचर पेश गर्नुपर्नेछ। सम्झौता भएपश्चात सबै प्रस्तावदाताको रकम फिर्ता गरिनेछ र छनौट भएको प्रस्तावदाता ७ दिनभित्र सम्झौता गर्न नआएमा उक्त रकम जफत गरि दोस्रो प्रस्तावदातालाई सम्झौताको लागि आव्हान गरिने छ।

  बैंकको नाम: एन.आई.सि एसिया बैंक, कञ्चन-०३, हरैया, रुपन्देही।

  खाताको नाम: कञ्चन गाउँपालिका धरौटी खाता

  खाता नं: B0CA503262524005
- सम्झौता गर्नका लागि रु. ५०,०००/- धरौटी कार्यालयको खातामा जम्मा गर्नुपर्नेछ। करार सम्झौता समाप्त हुँदाको बखत सो रकम कार्यालयले फिर्ता दिनेछ।

२०८०/४/२१

नि. प्रमुख प्रशासकिय अधिकृत